वर्ष ९, अंक १  नोभेम्बर २०२३-फेब्रुअरी, २०२४

# काठमाण्डौ पानी

न्यूज बुलेटिन

नेपाल सरकार, आयोजना कार्यान्वयन निर्देशनालय/काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड, मेलम्ची खानेपानी उपआयोजना-२

*सुधारिएको खानेपानी आपूर्ति, सरसफाई र ढल व्यवस्थापन मार्फत काठमाण्डौं उपत्यकाको रुपान्तरण*

## निर्देशनालयको सन्देश



काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड - आयोजना कार्यान्वयन निर्देशनालय (KUKL–PID) दशकौंदेखिको खानेपानी संकट र फोहरपानी व्यवस्थापनको समस्याबाट काठमाण्डौका बासिन्दाहरूलाई राहत दिने उद्देश्य परिपूर्तिमा सधैं दृढ छ ।

हाल, निर्देशनालय अन्तर्गत काठमाण्डौ उपत्यकामा समतामूलक र दिगो खानेपानी आपूर्तिका साथै फोहरपानी व्यवस्थापनका लागि काठमाण्डौ उपत्यका खानेपानी सुधार आयोजना (KVWSIP) र काठमाण्डौ उपत्यका फोहरपानी व्यवस्थापन आयोजना (KVWMP) गरी दुई वटा ठूला आयोजनाहरू सञ्चालनमा छन् । एसियाली विकास बैंक (एडीबी) र नेपाल सरकारको सहयोगमा यी आयोजनाहरू सञ्चालनमा रहेका छन् ।

एडीबीको आर्थिक सहयोगमा पहिलो चरण KVWSIP अन्तर्गत पाइप बिछ्याउने र पानीपोखरी निर्माण कार्य सम्पन्न भएका छन् । यी प्याकेजको भौतिक प्रगति ९७.५ प्रतिशत रहेको छ । यी वितरण सञ्जाल सुधारका प्याकेजहरूमा (DNI) बाँकी रहेका मुख्य कामहरू क्षमता परिक्षण (commissioning), धारा तथा मिटर जडान हुन् । एडीबी कोषको पहिलो चरणमा लक्षित कुल ८४,१२५ घरधुरीमध्ये सन् २०२४ को फेब्रुअरीसम्म ३९,५१९ घरधुरीमा मिटर जडान गरिएको छ । हालै कुल ३२ District Metering Areas (DMAs), मध्ये १४ वटाको पूर्णरूपमा कार्य सम्पन्न गरी काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड र त्यसपछि केयूकेएललाई हस्तान्तरण भैसकेका छन् ।

त्यसैगरी, नेपाल सरकारको आर्थिक सहयोगमा खानेपानी सुधार आयोजना अन्तर्गतका प्रमुख पूर्वाधारका कामहरूमा सुन्दरीजलदेखि चाबहिलसम्म ११ किलोमिटर थोक वितरण प्रणालीका पाइपलाइन बिछ्याउने, तीनवटा पानीपोखरीहरू निर्माण र वितरण सञ्जाल सुधारको करिब ६१० कि.मि. पाइपलाइन बिछ्याउने रहेका छन् । यी पूर्वाधार विकासका कामहरू क्रमशः अघि बढिरहेका छन् । त्यस्तै, SCADA प्रणाली जडानको कार्यले पछिल्लो समयमा राम्रो गति लिएको छ । १५ मध्ये १४ Reservoir Management Unit (RMU) मा भल्भ तथा विद्युतीय सामग्री जडान कार्य पूरा भएको छ र अधिकांश RMUs को परिक्षण गरिएको छ । थोक वितरण प्रणाली अब छिटै SCADA प्रणाली मार्फत स्वचालित रूपमा सञ्चालनमा आउनेमा हामी आशावादी छौं । पाइलट चरणमा स्मार्ट मिटर जडान कार्य चःमती क्षेत्रमा सुरु भएको छ ।

यसैबीच, फोहरपानी आयोजना अन्तर्गत पाटनमा ढल निकास सञ्जाल विस्तार र पुनर्स्थापना कार्य सम्पन्न भएको छ । धोबीघाटमा रहेको ३७ MLD फोहरपानी प्रशोधन केन्द्र निर्माण अन्तिम चरणमा पुगेको छ । गोकर्णमा ढलको पाइप बिछ्याउने कार्य निरन्तर रूपमा भैरहेको छ । कूल ६८.७ MLD क्षमता रहेको TP02 (सल्लाघारी, कोड्कु र धोबीघाट फोहरपानी प्रशोधन केन्द्र) को निर्माणको लागि रिबिडिङ गरिएको थियो । प्राप्त बोलपत्रहरू खोलेर तिनीहरूको मूल्याङ्कन कार्य पनि सम्पन्न भैसकेको छ । ठेक्का सम्झौता छिट्टै हुने अपेक्षा गरिएको छ ।

अन्तमा, यस आयोजनालाई सफल बनाउन जनमानसबाट प्राप्त सहयोगको लागि आभार प्रकट गर्दै धन्यवाद दिन चाहन्छु ।

**ई. राजेन्द्र सापकोटा**
आयोजना निर्देशक



*मानननीय खानेपानी मन्त्री महेन्द्र राय यादव, खानेपानी मन्त्रालयका सचिव सुरेश आचार्य, मन्त्रालयका सहसचिव तिरेश प्रसाद खत्रीको समुपस्थितिमा केयूकेएलको १६औं वार्षिकोत्सवको अवसरमा निर्देशनालयका आयोजना निर्देशक, ई. राजेन्द्र सापकोटाले काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन बोर्डका कार्यकारी निर्देशक सञ्जीव विक्रम राणालाई DMAs को स्वामित्व हस्तान्तरण गर्दै ।*

## थप DMAs केयूकेएललाई हस्तान्तरण

निर्देशनालयले हालै थप दस DMAs को स्वामित्व काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन बोर्डलाई हस्तान्तरण गरेको छ । त्यसपछि बोर्डले केयूकेएललाई हस्तान्तरण गरेको छ । एडीबीको ऋण २७७६ अन्तर्गत कूल १,०१० कि.मि. वितरण सञ्जाल सुधारमध्ये २ अर्ब ७ करोड मूल्य बराबरको काठमाण्डौ उपत्यकाको विभिन्न स्थानमा रहेको २७८ कि. मि. वितरण प्रणाली बोर्डलाई हस्तान्तरण गरिएको थियो । DMAs यसको स्वामित्वकर्तालाई हस्तान्तरण गरिएको यो दोस्रो पटक हो । केयूकेएलको १६औं वार्षिकोत्सवको अवसरमा २०८० फागुन १ गते काठमाण्डौमा DMAs हस्तान्तरण कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा माननीय खानेपानी मन्त्री महेन्द्र राय यादव, खानेपानी मन्त्रालयका सचिव सुरेश आचार्य, मन्त्रालयका सहसचिव तिरेश प्रसाद खत्री, काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन बोर्डका कार्यकारी निर्देशक सञ्जीव विक्रम राणा, केयूकेएलका प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्र बहादुर कार्की, निर्देशनालयका आयोजना निर्देशक राजेन्द्र सापकोटाको उपस्थिति रहेको थियो ।

यसअघि, २०८० साल असार ७ गते निर्देशनालयले ४० करोड १४ लाख मूल्य बराबरको ७१.७२ कि.मि. वितरण सञ्जालको चार वटा DMAs को स्वामित्व हस्तान्तरण गरेको थियो । त्यसअघि, २०७९ साल माघ १७ गते बोर्डलाई ९.६ अर्ब रुपैयाँ मूल्यका पाँचवटा थोक वितरण प्रणाली र दसवटा पानीपोखरीहरू पनि हस्तान्तरण गरिएको थियो । यी सबै खानेपानी सञ्जालहरू केयूकेएलद्वारा पूर्णरूपमा सञ्चालनमा छन् । निर्देशनालयले २३,००० घरधुरीमा नयाँ मिटर जडान गरिसकेको छ जसबाट हाल नियमित रुपमा पानी आपूर्ति हुदै आएको छ । बाँकी ६६० कि.मि. वितरण सञ्जाल पनि छिट्टै हस्तान्तरण गरिनेछ ।

### केयूकेएललाई हस्तान्तरण गरिएको थप DMAs को विवरण :

| प्याकेज | DMAs | पानी आपूर्ति गर्ने पानीपोखरीहरू | क्षेत्रहरू | वितरण सञ्जाल सुधारको कूल लम्बाई (कि. मि) |
|---|---|---|---|---|
| प्याकेज १ | DMA २.३ | नयाँ महांकाल पानीपोखरी | गौशाला, रातोपुल, पुरानो बानेश्वर, सेतोपुल | १२.०३ |
| प्याकेज १ | DMA २.१ | नयाँ महांकाल पानीपोखरी | नक्साल भाटभटेनी, रातोपुल, सेतोपुल | ३४.६७ |
| प्याकेज २ | DMA ३.४ | नयाँ महांकाल पानीपोखरी | गैरीगाउँ, सिनामंगल, तिनकुने | १७.२७ |
| प्याकेज २ | DMA ३.३ | नयाँ महांकाल पानीपोखरी | भीमसेनगोला, शान्तिनगर | २८.२२ |
| प्याकेज २ | DMA ३.२ | नयाँ महांकाल पानीपोखरी | पुरानो बानेश्वर, नयाँ बानेश्वर, भीमसेनगोला | ३२.१७ |
| प्याकेज ३ | DMA १०.१ | बालाजु पानीपोखरी | चःमती टाउन प्लानिङ | ११.९३ |
| प्याकेज ३ | DMA ९.२ | खुमलटार पानीपोखरी | कोटेश्वर, तिनकुने | ४६.१४ |
| प्याकेज ४(7A) | DMA ७.१ | बालाजु पानीपोखरी | सोह्खुट्टे, खुसिबु टाउन प्लानिङ | २९.७४ |
| प्याकेज ४(7A) | DMA १.५ | पानीपोखरी पानी ट्यांकी | त्रिपुरेश्वर, टेकु | २२.५० |
| प्याकेज ४(7A) | DMA ८.२ | खुमलटार पानीपोखरी | भनिमण्डल, सानेपा | ३७.४३ |

### २०८० असार ७ मा केयूकेएललाई हस्तान्तरण गरिएको DMAs को विवरण:

| प्याकेज | DMAs | पानी आपूर्ति गर्ने पानीपोखरीहरू | क्षेत्रहरू | वितरण सञ्जाल सुधारको कूल लम्बाई (कि. मि.) |
|---|---|---|---|---|
| प्याकेज १ | DMA २.४ | महांकाल पानीपोखरी | गौशाला-रिङरोड, पिंगलास्थान | २१.५७ कि. मि. |
| प्याकेज २ | DMA ३.५ | महांकाल पानीपोखरी | तिलगंगा, सिनामंगल | १७.०४ कि. मि. |
| प्याकेज ३ | DMA ९.१ | खुमलटार पानीपोखरी | नरेफाँट, जडिबुटी | २२.६६ कि.मि. |
| प्याकेज ४ | DMA TU | कीर्तिपुर पानीपोखरी | त्रिभुवन विश्वविद्यालय क्षेत्र | १०.४५ कि.मि. |

# काठमाण्डौ उपत्यका खानेपानी सुधार आयोजना (KVWSIP)

## खानेपानी पूर्वाधार निर्माणको प्रगति समीक्षा

काठमाण्डौ उपत्यका खानेपानी सुधार आयोजना (KVWSIP) को कार्यक्षेत्र काठमाण्डौ उपत्यकामा भरपर्दो, समतामूलक र दिगो खानेपानी प्रणालीको विकास गर्नु हो। हाल, एडीबी कोष अन्तर्गत चारवटा वितरण सञ्जाल सुधार (DNI) प्याकेजहरूको भौतिक कार्यहरू सम्पन्न भएका छन्। विभिन्न चरणहरूमा काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड मार्फत केयूकेएललाई लगभग ३५० कि. मि. DNI हस्तान्तरण गरिएको छ। त्यसैगरी, एडीबीको पहिलो चरणको कार्यक्रम अन्तर्गत १,०१० कि.मि. DNI मध्ये, बाँकी ६६० कि.मि.को अन्तिम परिक्षण भैरहेको छ। यसै आर्थिक वर्षभित्रमा यसको स्वामित्वकर्तालाई हस्तान्तरण गर्ने तय गरिएको छ।

त्यसैगरी, सरकारी अनुदानमा सुन्दरीजलदेखि चाबहिलसम्म १,६०० देखि १,८०० व्यासको थोक वितरण प्रणाली (BDS 05) को ११ कि. मि. पाइप बिछ्याउने कार्य भइरहेको छ। पुरानो बालाजु पानीपोखरी (१९,००० घनमिटर) को जग उत्खनन्, भू-प्राविधिक अन्वेषण, कन्ट्रोल प्यानल रहेको घर भत्काउने र अन्य पूर्वतयारीका काम भइरहेका छन् भने कीर्तिपुर (६,००० घनमिटर) र नयाँ महांकाल (८,५०० घनमिटर) पानीपोखरी निर्माण कार्य सम्पन्न भएको छ। फेब्रुअरी २०२४ सम्म एडीबी प्याकेजहरूको कूल भौतिक प्रगति ९७.५०% र सरकारी प्याकेजको कूल प्रगति ७८.८४% रहेको छ।

### फेब्रुअरी २०२४ सम्म निर्देशनालय अन्तर्गत कार्यान्वयन भैरहेका BDS प्याकेजहरूको स्थिति

| BDS प्याकेजहरू | कुल लम्बाई (कि.मि.) | कैफियत |
|---|---|---|
| BDS–01 | ९.५७ | केयूकेएललाई हस्तान्तरण गरियो |
| BDS–SRT-01 | ११.२६ | केयूकेएललाई हस्तान्तरण गरियो |
| BDS–SRT–02 | २५.३७ | केयूकेएललाई हस्तान्तरण गरियो |
| BDS–SRT–03 | १५.०६ | केयूकेएललाई हस्तान्तरण गरियो |
| BDS–SRT–04 | १४.५५ | केयूकेएललाई हस्तान्तरण गरियो |
| BDS–SRT–05 | ११ | २.०७ कि. मि. सम्पन्न गरियो |

### नेपाल सरकारको लगानी अन्तर्गत DNI प्याकेजका प्रगति
(Primary Plus Secondary and Tertiary Pipeline as of February 2024)

| वितरण सञ्जाल सुधार प्याकेजहरू | लक्ष्य (कि.मि.) | प्रगति (कि. मि.) | पाइप बिछ्याउने कार्यको प्रगति (%) | कैफियत |
|---|---|---|---|---|
| वितरण सञ्जाल सुधार प्याकेज ५ (7B) | २३३.०६ | १९३.२५ | ८२.९१ | निर्माणाधीन |
| वितरण सञ्जाल सुधार प्याकेज ६ (7C) | २८३.२९ | २४१.७० | ८५.३२ | निर्माणाधीन |
| वितरण सञ्जाल सुधार प्याकेज ७ (9A मण्डिखाटार) | १२९.५० | १०९.९१ | ८४.९८ | निर्माणाधीन |
| वितरण सञ्जाल सुधार प्याकेज 9A-1 कपन | १५०.३३ | ९३.४६ | ६२.१७ | निर्माणाधीन |
| **जम्मा** | **७९६.१८** | **६३८.३८** | **७८.८४** | |

# थोक वितरण प्रणाली SCADA प्रणाली मार्फत स्वचालन गर्ने तयारी

निर्देशनालयले आफ्नो खानेपानी सञ्जाललाई दुई भागमा वर्गीकरण गरेको छ। पहिलो खण्डले काठमाण्डौ उपत्यकाभित्रका विभिन्न ठाउँमा रहेका सुन्दरीजलदेखि पानीपोखरी (SRTs) सम्मको थोक वितरण प्रणाली (BDS) को पानी आपूर्ति सञ्जाललाई समेट्छ। त्यस्तै, दोस्रो खण्डले काठमाण्डौ उपत्यका भित्रका सबै वितरण सञ्जाल सुधारहरू (DNIs) समावेश गर्दछ।

निर्देशनालयले अप्रिल २०२४ देखि सुपरभाइजरी कन्ट्रोल एण्ड डाटा एक्विजिसन (SCADA) प्रणाली सहितको थोक वितरण प्रणालीलाई स्वचालन गर्ने तयारी गरिरहेको छ। BDS को स्वचालनका लागि सबै तयारी कार्य द्रुत गतिमा भइरहेको छ। १५ वटा Reservoir Management Unit (RMUs) मध्ये आरुबारी र बालाजु बाहेक अरु सबैको परिक्षण गरिएको थियो। बाँकी RMUs को परिक्षण पनि छिट्टै सम्पन्न हुनेछ।

SCADA प्रणालीको साथ BDS को स्वचालन पछि सम्बन्धित पानी पोखरीलाई वास्तविक समयमा अनुगमन गर्न सकिन्छ र दैनिक कार्यहरूमा स-साना समस्याहरू सजिलै पत्ता लगाउन सकिन्छ। यसरी कुनै पनि स्थानमा समस्या आएमा समयमै मर्मत गर्न र प्रत्येक पानीपोखरीको माग/आपूर्तिमा परिवर्तन गर्न मद्दत गर्दछ।

SCADA प्रणालीमार्फत पानीपोखरीस्थित केन्द्रीय कार्यालयबाट डाटाको अनुगमन र नियन्त्रण गर्न सकिन्छ। BDS को स्वचालनले सञ्चालन लागत घटाउनेछ भने पानीपोखरीहरूबीच समानुपातिक वितरण सुनिश्चित गर्नेछ। DNIs मा SCADA प्रणालीको स्थापना गर्न



■ *पुरानो बाँसबारी मा SCADA परिक्षण*

DMA को प्रवेश बिन्दुहरूमा Outlet Management Unit (OMU) चेम्बरहरू निर्माण गरिएको छ। ४५ OMU चेम्बरमध्ये ३५ वटा चेम्बर निर्माणको अन्तिम चरणमा छन्। SCADA प्रणालीमा थप, BDS र DNI नेटवर्क प्रणालीको दबाब निगरानी (pressure monitoring) को लागि Air Management Unit (AMU) कार्यान्वयन जारी छ। निर्देशनालयले जुलाई २०२४ सम्म SCADA प्रणाली मार्फत DNIs लाई स्वचालित गर्न सबै तयारी कार्यहरू पूरा गर्ने लक्ष्य राखेको छ। डिजाइन र निर्माण सम्पन्न भएपछि ३३ महिनासम्म SCADA प्रणाली सञ्चालन र मर्मतसम्भार कन्ट्र्याक्टरलेनै गर्ने व्यवस्था छ। SCADA प्रणालीको स्वामित्व हस्तान्तरण प्रक्रिया पूरा भएपछि, केयूकेएल अन्ततः SCADA प्रणाली मार्फत आफ्ना सम्पूर्ण पानी आपूर्ति नेटवर्कहरू सञ्चालन गर्न जिम्मेवार हुनेछ। त्यसैले, केयूकेएलका कर्मचारीहरूलाई SCADA प्रणालीसँग सम्बन्धित विभिन्न तालिमहरूको व्यवस्था गरिएको छ।

### स्मार्ट मिटर जडान सुरु

निर्देशनालयले च:मती (DNI 10) स्थित घरधुरीमा स्मार्ट मिटर जडान गर्न थालेको छ र अनामनगर क्षेत्र (DNI 2) मा पनि मिटर जडान गर्ने योजना छ। निर्देशनालयले पाइलट चरणमा यी दुई स्थानमा गरी जम्मा १,००० वटा स्मार्ट मिटर जडान गर्दैछ। स्मार्ट मिटरले निर्देशनालयलाई स्मार्ट मिटरिङ टेक्नोलोजीको स्वचालन परीक्षण गर्न सक्षम पार्नेछ। यसरी पानीको प्रयोगमा सही तथा वास्तविक-समयमा मिटर रिडिङको डाटा उपलब्ध गराएर पानी चुहावट घटाउने र बिलिङको शुद्धतामा सुधार गर्नेछ।

# काठमाण्डौ उपत्यका फोहरपानी व्यवस्थापन आयोजना (KVWMP)

## फोहरपानी पूर्वाधार निर्माणको प्रगति

काठमाण्डौ उपत्यका फोहरपानी व्यवस्थापन आयोजना मार्फत काठमाण्डौ उपत्यकामा रहेका सहरी क्षेत्रका नदी र तिनका सहायक नदीहरूको पानीको गुणस्तर सुधार गर्ने कार्य सुचारु रूपमा अघि बढिरहेको छ।

हाल, KVWMP अन्तर्गत इन्टरसेप्टर ढल विकास, ढल निकास सञ्जालको विस्तार र फोहरपानी प्रशोधन केन्द्र र विकेन्द्रिकृत फोहरपानी प्रशोधन केन्द्र (DEWATS) को निर्माण गरी तीन प्रकारका गतिविधिहरू सञ्चालनमा रहेका छन्। मनोहरा, हनुमन्ते र खस्याङ खुसुङ नदी किनारमा इन्टरसेप्टर ढल (Interceptor Sewers) निर्माणको काम सकिएको छ।

त्यसैगरी, फोहरपानी प्रशोधन केन्द्र निर्माण अन्तर्गत गुहेश्वरी फोहरपानी प्रशोधन केन्द्र पूर्ण रूपमा सञ्चालनमा छ। त्यस्तै धोबीघाट फोहरपानी प्रशोधन केन्द्र (TP03) को निर्माण पनि अन्तिम चरणमा पुगेको छ। धोबीघाट फोहरपानी प्रशोधन केन्द्रको कमिसनिङ्गको काम पनि केही महिनामै सुरु हुनेछ। यसैबीच, हनुमानघाट र गोकर्णमा DEWATS निर्माण केही प्राविधिक समस्याका कारण रोकिएको छ। ढल निकास सञ्जाल विस्तार तथा पुनर्स्थापना ठेक्का अन्तर्गत पाटन ढल निकास अन्तिम चरणमा र गोकर्णमा ढल सञ्जाल निर्माणाधीन छ। साथै, TP02 र TP03 को साझा संरचना निर्माण पनि अन्तिम चरणमा छ।

### फेब्रुअरी २०२४ सम्म काठमाण्डौ उपत्यका फोहरपानी व्यवस्थापन आयोजना अन्तर्गत चलिरहेको ढल सञ्जालहरूको प्रगतिको अवस्थाः

| क्र.स. | सम्झौता प्याकेज | लक्ष्य (कि.मि.) | प्रगति (कि.मि.) | समग्र प्रगति (%) | कैफियत |
|---|---|---|---|---|---|
| १ | SN03 (पाटन ढल) | २.८ | २.३७ | ७२.३९ | एडीबी, नेपाल सरकार र ललितपुर महानगरपालिकाको आर्थिक सहयोगमा |
| २ | SN04 (गोकर्ण ढल) | ६.२३ | ०.७२ | ७.९० | एडीबीको आर्थिक सहयोगमा |

### फेब्रुअरी २०२४ सम्मको फोहरपानी प्रशोधन केन्द्र निर्माणमा प्रगतिको अवस्था

| क्र.स. | सम्झौता प्याकेज | कुल क्षमता | समग्र प्रगति |
|---|---|---|---|
| १ | TP03 (धोबीघाट फोहरपानी प्रशोधन केन्द्र) | ३७ MLD | ९१.२०% |
| २ | DEWATS (गोकर्ण र हनुमानघाट) | ४ MLD | ६.२२% |

## धोबीघाट फोहरपानी प्रशोधन केन्द्रको कमिसनिङ्ग र परीक्षण चाँडै सुरु हुने

ललितपुरको धोबीघाटमा रहेको ३७ MLD क्षमताको धोबीघाट फोहरपानी प्रशोधन केन्द्र (TP03) को कमिसनिङ्ग र परीक्षण आगामी महिनादेखि सुरु हुने भएको छ। केन्द्रको सिभिलको काम सकिएको छ भने उपकरण जडानको कार्य पनि अन्तिम चरणमा छ। निर्देशनालयद्वारा निर्माण गरिएको यो अहिलेसम्मकै सबैभन्दा ठूलो फोहरपानी प्रशोधन केन्द्र हुन गइरहेको छ।

कमिसनिङ्ग अवधिमा पहिले नो-लोड परीक्षण (no-load testing) गरिन्छ। यसमा उपकरण र जडान गरिएका विद्युतिय सामग्रीहरूको परीक्षण गरिन्छ। मेसिनरीको सफल परीक्षण पछि, विभिन्न प्रशोधन इकाईहरूमा ढल मिसाएर कमिसनिङ्गको कार्य सुरु हुन्छ जसलाई लोड परीक्षण (load testing) भनिन्छ। फोहरपानी प्रशोधन केन्द्रको कमिसनिङ्ग अवधि चार महिना हो। यदि यो अवधिभित्र कमिसनिङ्ग र परीक्षण सहज रूपमा सञ्चालन भयो भने, संरचना पूर्ण रूपमा सञ्चालनको लागि तयार हुनेछ।

धोबीघाट फोहरपानी प्रशोधन केन्द्र एडीबीको लगानीमा सञ्चालित फोहरपानी आयोजना हो, जसको कूल लागत १ अर्ब ९६ करोड रुपैयाँ छ। यस संरचनाका प्रमुख सुविधाहरूमा सक्रिय स्लज प्रक्रिया (activated sludge process) सहितको प्राथमिक र सहायक प्रशोधन इकाइहरू र sludge digestion बाट २०४ किलोवाट विद्युत उत्पादन समावेश छन्। TP03 को समग्र प्रगति फेब्रुअरी २०२४ सम्म ९१.२०% रहेको छ।

## गुहेश्वरी फोहरपानी प्रशोधन केन्द्र विद्यार्थी र अनुसन्धानकर्ताहरूको लागि अध्ययन केन्द्र बन्दै

गुहेश्वरी फोहरपानी प्रशोधन केन्द्र, नेपालको सबैभन्दा ठूलो नगरीय फोहरपानी प्रशोधन केन्द्र स्कूल/कलेजका विद्यार्थी र अनुसन्धानकर्ताहरूका लागि अध्ययन अनुसन्धान केन्द्र बनिरहेको छ। केन्द्रको मुख्य उद्देश्य भनेको ढललाई नदीमा फाल्नुअघि प्रशोधन गरी पवित्र बाग्मती नदीको माथिल्लो भागलाई प्रदूषणमुक्त बनाउने रहेको छ। सन् २०२३ को अप्रिलको मध्यदेखि २०२४ को मार्चसम्म, अन्तर्राष्ट्रिय विद्यार्थीसहित कूल १,६५९ विद्यार्थी र अनुसन्धानकर्ताहरूले यस संरचनाको भ्रमण गरी यसको प्रशोधन प्रक्रियाको अध्ययन गरेका छन् र आफ्नो अध्ययनका लागि आवश्यक तथ्यांक र जानकारी संकलन गरेका छन्।

गुहेश्वरी फोहरपानी प्रशोधन केन्द्रले पहिलो चरणमा २००१ मा काम सुरु गरेको थियो। पछि सेप्टेम्बर २०२० मा निर्देशनालयले दोस्रो चरणमा यसको विस्तार र पुनर्स्थापना कार्यहरू कार्यान्वयन गर्‍यो। हाल यो संरचना पूर्ण रूपमा सञ्चालनमा छ र ३२.४ MLD फोहरपानी प्रशोधन गरिरहेको छ। केन्द्रले फोहरपानीलाई सफा पानी, ऊर्जा र माटोको कन्डिसनरको स्रोतको रूपमा प्रयोग गर्न डिजाइन गरिएको थियो। त्यसैले, यसको सञ्चालनको सुरुवातदेखिनै देश र बिदेशका विभिन्न शैक्षिक संस्थाहरूद्वारा धेरै अध्ययन भ्रमणहरू गरियो। बिस्तारै यो विशेष गरी इन्जिनीयरिङ, वातावरण विज्ञान, माइक्रोबायोलोजी, चिकित्सा क्षेत्रआदिका विद्यार्थीका लागि अध्ययन र सिकाइ केन्द्र बन्दै गएको छ।

## पाटन ढल विस्तार तथा पुनर्स्थापनाको ठेक्का अन्तिम चरणमा

SN03 प्याकेज अन्तर्गत समेटिएको ललितपुर महानगरपालिकाको मुख्य क्षेत्रका ढल विस्तार तथा पुनर्स्थापना आयोजना अन्तिम चरणमा पुगेको छ।

SN03 प्याकेज युनेस्कोको विश्व सम्पदा क्षेत्र पाटन दरबार स्क्वायर सहित ललितपुर महानगरपालिकाको मुख्य सहरी क्षेत्रमा २.८ कि.मि. लामो ढल पुनर्स्थापनाको ठेक्का हो। लगनखेल बस स्ट्यान्डदेखि पाटन दरबार स्क्वायर हुँदै शंखमुलसम्म ढल र वर्षात्को पानी निकासको लागि यो ठेक्काको परिकल्पना गरिएको थियो। फेब्रुअरी २०२४ सम्म, SN03 ठेक्काअन्तर्गत २.३७ कि. मि. ढलको पाइप बिछ्याउने काम पूरा भइसकेको छ। अहिले इखलखु क्षेत्रमा पाइप बिछ्याउने काम भइरहेको छ। त्यसैगरी ७३ वटा म्यानहोल निर्माण सम्पन्न भएको छ।

ढल पाइप बिछ्याउने, म्यानहोल र service manhole निर्माण कार्यसँगै SN03 अलाइनमेन्टका अधिकांश भागहरूमा सडक पुनर्स्थापना कार्य सम्पन्न भइसकेको छ। हाल पाटनका केही क्षेत्रमा बाटोको दायाँबायाँ नाला निर्माण, म्यानहोल ढाक्ने र सडक पुनः निर्माणको काम तीव्र गतिमा भइरहेको छ। पाटनको मुख्य सहरी क्षेत्रमा ढल विस्तार तथा पुनर्स्थापनाको कार्य सम्पन्न भएपछि कमजोर ढल प्रणालीले निम्त्याएको मौसमी वर्षातमा पानी जम्ने समस्याबाट स्थानीयबासी मुक्त भएका छन्। निर्देशनालय र ललितपुर महानगरपालिका बीचको सहकार्यबाट आयोजना अन्तिम चरणमा पुग्न सफल भएको हो।

### विद्यार्थी/अनुसन्धानकर्ताहरूको संख्या (अप्रिल, २०२३-फेब्रुअरी २०२४)

| क्षेत्र/संकाय | संख्या |
|---|---|
| इन्जिनीयरिङ | ९४१ |
| नर्सिङ | २३१ |
| एमबिबिएस | १५९ |
| वातावरण विज्ञान | १०५ |
| विद्यालय/उच्च मा.वि. | ८८ |
| माइक्रोबायोलोजी | ५९ |
| बायोटेक्नोलोजी | २९ |
| फार्मेसी | २७ |
| विदेशी विश्वविद्यालयका विद्यार्थी | १२ |
| अनुसन्धानको लागि नमूना | ६ |
| अनुसन्धानका लागि डाटा | २ |
| **जम्मा** | **१,६५९** |

# सामुदायिक सचेतना तथा सुरक्षण सहयोग परामर्शदाता (CASSC03)



अन्तर विद्यालयस्तरीय चित्रकला प्रतियोगिताको अन्त्यमा सहभागी र आयोजकहरूको फोटो सेसन ।

## विद्यार्थीद्वारा कलाको माध्यमबाट सफा पानीको महत्वबारे आफ्नो प्रतिभा प्रदर्शन

विद्यालय कार्यक्रमलाई खानेपानी तथा फोहरपानी आयोजनाको जानकारी फैलाउने प्रभावकारी माध्यमका रूपमा लिई KUKL–PID अन्तर्गतको सामुदायिक सचेतना तथा सुरक्षण सहयोग परामर्शदाता (CASSC03) ले हालै 'सुरक्षित जीवनका लागि स्वच्छ पानी' शीर्षकमा अन्तर विद्यालयस्तरीय चित्रकला प्रतियोगिता आयोजना गरेको थियो ।

ललितपुर महानगरपालिकाका विभिन्न विद्यालयका विद्यार्थीबीच २०८० फागुन ११ गते पाटनढोकास्थित पाटन हाई स्कुलमा कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा विद्यार्थीले उक्त विषयवस्तुमा आफ्नो प्रतिभा र कला प्रदर्शन गरेका थिए । सामुदायिक विद्यालयका विद्यार्थीले उत्साहका साथ भाग लिएर स्वस्थ जीवनका लागि स्वच्छ र सुरक्षित पिउने पानीको महत्वबारे चित्रकला मार्फत आफ्नो क्षमता प्रदर्शन गरे । प्रतियोगितामा ललितपुरका नौ वटा विद्यालयका १७ जना प्रतियोगीले भाग लिएका थिए । प्रतियोगितामा पाटनढोकास्थित पाटन हाईस्कुलका जोसेफ कपालीले प्रथम पुरस्कार हात पारे । त्यस्तै भोलढोकास्थित श्री शान्ति विद्याश्रमका सुशील गजमेरले दोस्रो र नाटोलस्थित बालविनोद माध्यमिक विद्यालयकी सोनिशा प्रजापतिले तेस्रो पुरस्कार हात पारिन् । कुपण्डोलस्थित प्रगति शिक्षा सदनका आभास चन्द्र श्रेष्ठले सान्त्वना पुरस्कार पाए । त्यसैगरी, सहभागी विद्यालय र विद्यार्थीहरूले प्रशंसा पत्र र उपहार प्राप्त गरे ।

विद्यालय सचेतना कार्यक्रम सामुदायिक सचेतना जगाउन, समुदायलाई परिचालन गर्न र विद्यालयका विद्यार्थी मार्फत समुदायहरूमा स्वास्थ्य र स्वच्छता सम्बन्धी शिक्षा प्रदान गर्न CASSC03 ले लागू गरेको एउटा महत्वपूर्ण विधि हो । यो एक प्रकारले पानी र सरसफाइको मुद्दाहरूमा विद्यार्थीले अभिभावकलाई सिकाउने र सिक्ने प्रक्रिया हो ।



केन्द्रमा प्रथम पुरस्कार विजेता जोसेफ कपालीसँग अन्तरविद्यालय चित्रकला प्रतियोगितामा पुरस्कृत विद्यार्थीहरू ।




प्रथम पुरस्कार विजेता चित्र ।

## CASSC–03 द्वारा ५७,००० भन्दा बढी केयूकेएल ग्राहकहरूको डिजिटल डाटाबेस तयार

निर्देशनालयले काठमाण्डौ उपत्यका भित्रका सेवा क्षेत्रहरूमा केयूकेएलका ग्राहकहरूको डाटाबेसलाई डिजिटलाइज गर्दैछ । सर्वेक्षणको प्राथमिक उद्देश्य एउटै भान्साको आधारमा परिवार समूहद्वारा परिभाषित प्रत्येक घरपरिवारको तथ्यांक लिनु हो । यसले ग्राहकहरूको KYC पनि अद्यावधिक गर्दछ । सर्वेक्षणमा ग्राहकहरूको (घरपरिवार) सामाजिक-आर्थिक अवस्था, पानीको प्रयोग, स्वच्छता र सरसफाइ सम्बन्धी जानकारी समावेश गरिन्छ ।

सूचना संकलनका लागि काठमाण्डौ उपत्यकाका विभिन्न स्थानमा ३५ जना सर्वेक्षक परिचालन गरिएको छ । फेब्रुअरी २०२४ सम्म CASSC03 ले काठमाण्डौको कोटेश्वर, नरेफाँट, नयाँ बानेश्वर, पुरानो बानेश्वर, सिनामंगल, सुविधानगर, घट्टेकुलो, बागबजार, भोटेबहाल, नक्साल, खुसिबु र च:मतीलगायतका स्थानहरू र ललितपुरको ग्वार्को, पाटन र सानेपा लगायतका स्थानहरूबाट ५७,२५० घरधुरीको डाटाबेस तयार गरेको छ । CASSC03 ले डिसेम्बरसम्म करिब एक लाख घरधुरीको डाटाबेस तयार गर्ने कार्यक्रम छ ।

### निर्देशनालयको अनुरोध

**राष्ट्रिय गौरवको आयोजना कार्यान्वयनका क्रममा सर्वसाधारणलाई पर्न गएको असुविधाप्रति निर्देशनालय क्षमाप्रार्थी छ र काठमाण्डौ उपत्यकाबासीको हितका लागि यस आयोजनालाई सहयोग गर्न सबैमा अपिल गर्दछ ।**

**काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड (KUKL), आयोजना कार्यान्वयन निर्देशनालय (PID)**
अनामनगर, काठमाण्डौ, **फोन न.** : ०१-५७०५७७१, ५७०५९१६, ५७०५१४८ **फ्याक्स:** ०१-५७०५०५७, **टोल फ्रि न.** : ११३९ **वेबसाइट:** www.kuklpid.org.np
**फेसबुक:** http://www.facebook.com/pidkukl **इमेल ठेगाना:** kuklpid@gmail.com